# छार्का ताङसोङ गाउँपालिकाको आर्थिक ऐन २०७९

छार्का ताङसोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावनाः**

छार्का ताङसोङ गाउँपालिकाको आर्थिक वर्ष२०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम छार्का ताङसोङ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “छार्का ताङसोङ गाउँपालिकाको आर्थिक ऐन, २०७९” रहेको छ ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि छार्का ताङसोङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

३. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

४. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

५. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन कर**ःगाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०.**पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११.**ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२.**सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३.**पर्यटनशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४.**कर छुटः**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५.**कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## I. अनुसूची –१: आगामी आ.व. का लागि करका दरहरू

आ.व. ०७९/८० मा छार्का ताङसोङ गाउँपालिकामा लगाइने करका दरहरू

| सि.नं. | व्यवसायको नाम र किसिम | आ.व.०७९/८० को प्रस्तावित दर रू. | कैफियत |
|---|---|---|---|
| १ | **व्यापारिकवस्तु** | | |
| | डिलरसिपसबै प्रकारका | १५०० | |
| | दैनिकउपभोग्य सामान | ५०० | |
| | दैनिकउपभोग्य सामानको थोक विक्रेता | १५०० | |
| | किराना पसलखुद्रा | ८०० | |
| | फलफूल तथा तरकारी पसल | ५०० | |
| | सूति,ऊनी,नाइनल कपडा पसल | ५०० | |
| | फेन्सी पसलसबै प्रकारका | १५०० | |
| २ | **निर्माणव्यवसाय** | | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएकानिर्माण व्यवसायी | | |
| | निर्माणव्यवसायी संघ | | |
| | **कवर्ग** | ९५०० | |
| | **खवर्ग** | ७५०० | |
| | **गवर्ग** | ६५०० | |
| | **घवर्ग** | ५५०० | |
| ३ | **उत्पादनमूलक उद्योग** | | |
| | मैनवत्ती उद्योग घरेलु | ५०० | |
| ४ | **कृषि तथावनजन्य उद्योग** | | |
| | फर्निचरउद्योग | २००० | |
| | वंगुर पालन | १००० | |
| | भैंसी पालनव्यवसाय | ५०० | |
| | गाई पालनव्यवसाय | ५०० | |
| | वाख्रापालन व्यवसाय | १५०० | |
| ५ | **पर्यटनउद्योग** | | |
| | होटलमध्ययम | १५०० | |

| | | | |
|---|---|---|---|
| | होटल सानो | १००० | |
| | अन्यस-साना चियाखाजा तथा खाना पसल | १००० | |
| | रेष्टुरेन्टएण्ड वार | १५०० | |
| | लज | १५०० | |
| | गजल/दोहोरी रेष्टुरेन्ट | २५०० | |
| ६ | **सेवाउद्योग** | | |
| | अपसेटप्रेस | २५०० | |
| | लेटर प्रेस | १३०० | |
| | चलचित्रभिडियो | १००० | |
| ७ | **सञ्चारसेवा** | | |
| | निजी मोबाइल सेवा केन्द्र | १५०० | |
| | फ्याक्स फोटोकपी तथा प्रिन्टिङ् | ५०० | |
| | मोवाइल फोनविक्री, मर्मत | १५०० | |
| ८ | **स्वास्थ्यसेवा** | | |
| | गैह्सरकारी अस्पताल | ३५०० | |
| | सामुदायिकअस्पताल | ३००० | |
| | निजीस्तरकाअस्पताल तथा रिसर्च सेन्टर | ३०० | |
| | नर्सिङ होम | ३००० | |
| | ल्याव तथाक्लिनिक | २००० | |
| | होमियोप्याथीतथा प्राकृतिक चिकित्सा क्लिनिक | ५०० | |
| | औषधी पसलथोक | २५०० | |
| | औषधी पसलखुद्रा | १५०० | |
| | औषधी पसलआयुर्वेद | १००० | |
| | औषधी पसलपशुस्वास्थ्य | १००० | |
| | पशु पंक्षीदाना पसल | ५०० | |
| | जडी बुटीपसल | ५०० | |
| ९ | **मर्मत संभार केन्द्र** | | |
| | रेडियोटिभी मर्मत केन्द्र | १४०० | |
| | रेडियो तथाघडी मर्मत केन्द्र | १२०० | |
| | घडी मर्मतकेन्द्र | १००० | |
| | प्रेसरकुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत | ८०० | |

| | | | |
|---|---|---|---|
| | कम्प्यूटर, विजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ पसल | 2400 | |
| | फोटोकपी/कम्प्यूटर विक्री तथा मर्मत | 2500 | |
| | अन्यइलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स मर्मत | 1400 | |
| | **अन्य सेवा** | | |
| १० | **माथिको वर्गीकरणमा नपरेका विविध सेवा व्यवसाय तथा कारोबारहरू** | | |
| | कपडा जुत्ता पसल | 1500 | |
| | भाडा पसलःउच्च | 2500 | |
| | भाडा पसलःमध्यम | 1500 | |
| | भाडा पसलःसाधारण | 1000 | |
| | चुरा पसलःटंकीमा राखेको | 600 | |
| | चुरा पसल | 800 | |
| | काठ तथा स्टिल फर्निचर पसल | 2000 | |
| | मेशीनरी पार्टपूर्जा | 2500 | |
| | हजाम पसल | 1000 | |
| | स्यानीटरी सामानको पसल | 1500 | |
| | प्लाष्टिकमेच कुर्सी तथा अन्य सामाग्रीको पसल | 1000 | |
| | ग्याँससिलिण्डर विक्रेता | 1000 | |
| | कोल्डड्रिङ्क्स पसल | 1000 | |
| | ऊन पसल | 900 | |
| | होजीयारीउद्योग उच्च | 1400 | |
| | होजीयारीउद्योग मध्यम | 900 | |
| | होजीयारीउद्योग साधारण | 700 | |
| | कस्मेटीकपसल उच्च | 2500 | |
| | कस्मेटीकपसल मध्यम | 1500 | |
| | कस्मेटीकपसल साधारण | 1000 | |
| | स्टेशनरीहोलसेल | 3000 | |
| | स्टेशनरीखुद्रा | 1000 | |
| | चिया पसल | 650 | |
| | मिठाई पसलःमिष्ठान्न भण्डार | 1500 | |

| | | | |
|---|---|---|---|
| | मःम /रेष्टुराँ | 1100 | |
| | भोजनालय | 1500 | |
| | अन्य पसल तथा स-साना पाउरोटी दालमोट, मसला, मैनवत्ती जस्ता घरेलु उद्योग | 1000 | |
| | डाला, नाङ्ला पसल | 800 | |
| | दाना तथा आलु/ प्याज थोक विक्री पसल | 1500 | |
| | सोलार पावर सप्लायर्स | 2000 | |
| | खेलौना तथा उपहार सामग्री पसल | 1000 | |
| | मदिराजन्य पसल | 2000 | |
| | पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | 800 | |
| | जडिबुटीपसल | 800 | |
| | पाँच वा सो भन्दा बढी व्यवसाय रहेको प्रा.लि. | 5000 | |
| | अन्यप्रकारका प्रा.लि. | 3500 | |
| | दुई देखि ४वटा व्यवसाय भएको प्रा.लि. | 3500 | |
| | फ्याक्स तथा प्रिन्टर सेवा | 1500 | |
| | प्लास्टिकमेच कुर्ची पसल | 1500 | |
| | प्लाष्टिकअन्य पसल | 1000 | |
| | चाउमिनउद्योग | 800 | |
| | अन्य पसल | 800 | |

पुनश्चः उपरोक्तानुसारको व्यवस्था आ.व. ०७९/८०देखि लागू हुनेछ र उल्लिखित विभिन्नव्यवसायहरूको गाउँपालिकामा पहिलो पटक दर्ता गर्दा प्रमाणपत्र दस्तुर वापत रू.१०००/- थप लाग्ने छ ।

**१४ पटके बजार तथा हाट बजार करः**

| सि.नं. | व्यवसाय | **आ.व.०७९/८०का प्रस्तावित दरहरू** | |
|---|---|---|---|
| १ | फेन्सीपसल/ प्रति पसल | 450 | |
| २ | ठेका भाँडाप्रति पसल | 300 | |
| ३ | माटोकोभाँडा पसल/ प्रति पसल | 100 | |
| ४ | प्रोभिजनलप्रति पसल | 250 | |
| ५ | मादल प्रतिपसल | 200 | |
| ६ | औजार भाँडाप्रति पसल | 125 | |

| | | | |
|---|---|---|---|
| ७ | सून चाँदीप्रति पसल | 500 | |
| ८ | चियानास्ता प्रति पसल | 150 | |
| ९ | डालानाङ्ला प्रति पसल | 200 | |
| १० | चुरापोतेप्रति पसल | 200 | |
| ११ | जिरा मसला प्रति पसल | 400 | |
| १२ | जडिबुटी प्रति पसल | 200 | |
| १३ | अन्य पसल हेरेर | 100-300 | |

**१६ मनोरञ्जन करः**

| सि.नं. | मनोरञ्जन साधन | आ.व.०७९/८० को प्रस्तावित दर | |
|---|---|---|---|
| | | | |
| १ | सिनेमाहल,भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर संगीत तथामनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | 10 | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | 500 | |
| ३ | व्यवसायिक भिडियो कर | 250 | |

**१८ घरवहाल करः**

घरधनीले लगाउने बहाल रकमको१० प्रतिशतले हुन आउने रकम ।

**१९. विज्ञापन करः**

१. गाउँपालिकाक्षेत्रभित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरूमा प्रति स्क्वायर फिटरू. ५० का दरले हुन आउने रकम कर लगाउने ।

२. व्यवसायिक व्यानर प्रति हप्ताः रू. ५०

**२०. मालपोत कर**

तीन रोपनीसम्मको न्यूनतम रू. १००र त्यसपछिकोजग्गाको प्रति रोपनी निम्नानुसार थप दस्तुर लग्नेछ ।

अब्बल दोयम र सीम जग्गा प्रति रोपनी थप रू. २५

चाहार को प्रति रोपनी थप रू ५

**२१. पटके व्यवसाय करः**

गा.पा.क्षेत्रभित्र विक्री वितरणको लागि ल्याउने र घुम्ती पसल राख्ने देहायका व्यवसायहरूका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने

१. भैंसी, राँगा,प्रति गोट प्रति पटक रू. 

| | | |
|---|---|---|
| २. | खसी, बोका, प्रति गोटा प्रति पटक रू. | 10 |
| ३. | हाँस कुखुराः चल्ला बाहेकप्रति गोटा प्रति पटक रू | 5 |
| ४. | घुम्ती व्यवसायः फेन्सी | 100 |
| ५. | घुम्ती व्यवसायः अन्य | 100 |

**२२. एकीकृत सम्पत्ति करः**

एकीकृत सम्पत्ति कर कानूनबनाएर प्रारम्भ गरिनेछ ।

**२३. नक्सापास दस्तुरः**

यस गा.पा.क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरूको लागि निम्नानुसारको नक्सापास दस्तुर लाग्नेछ ।

| | | |
|---|---|---|
| १ | नक्सापास निवेदन फाराम्को रू. | 200 |
| २ | भुईँ तला र पहिलो तलामाप्रति वर्ग फिट | 5 |
| ३ | दोश्रो तलामा प्रति वर्गफिट | 7 |
| ४ | तेश्रोर सोभन्दा माथि प्रति वर्ग फिट | 8 |

अस्थाई र छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पास पेश गर्नु पर्नेछ। ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रू. १००० र ५०० वर्ग फिटभन्दा वढी भएका छाप्रोको वढी हुन आउने प्रति वर्ग फिट रू. 2 का दरले लिने । कुनैकित्तामा एक भन्दा वढी छाप्रो बनाउने पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरीसोही बमोजिम दस्तुर लाग्नेछ ।

## II. अनुसूची - २ : सिफारिस दस्तुर

| सि.नं. | सिफारिसको विवरण | आ.व.०७९/८० को प्रस्तावित दर |
|---|---|---|
| १ | वंशजकोनागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २०० |
| २ | जन्मकोआधारमा गरिने नागरिकता सिफारिस | ५०० |
| ३ | अंगिकृतनागरिकता सिफारिस | ५०० |
| ४ | नागरिकताकोप्रतिलिपी सिफारिस | ३०० |
| ५ | नागरिकताको संशोधन सिफारिस | ३०० |
| ६ | नाता प्रमाणित नेपाली | ३०० |
| ७ | नाता प्रमाणित अंग्रेजी | ५०० |
| ८ | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | ३०० |
| ९ | जन्ममितिप्रमाणित नेपाली | ३०० |
| १० | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | ५०० |
| ११ | नामथरजन्ममिति संशोधन सिफारिस | ५०० |
| १३ | घरजग्गा नामसारी सिफारिस | ५०० |
| १४ | सम्बन्ध विच्छेद भएको सिफारिस | ५०० |
| १५ | फुकुवा सिफारिस | ३०० |
| १६ | अन्य सिफारिस | ५०० |
| १७ | हकवाला संरक्षक सिफारिस | ३०० |
| १८ | अविवाहितप्रमाणिकरण सिफारिस | ५०० |
| १९ | नक्कलप्रमाणित दस्तुरः मालपोत रसीद समेत | १०० |
| २० | व्यवसायदर्ता प्रमाणपत्रको नक्कल | २०० |
| २१ | व्यवसायदर्ता लगत कट्टाको सिफारिस | २०० |
| २२ | घरनक्सानामसारी | ४०० |
| २३ | घर निर्माणसम्पन्न सिफारिसः आरसिसी | १००० |
| २४ | घर निर्माणसम्पन्न सिफारिसः कच्ची | ५०० |
| २५ | निजीक्षेत्रमा रुख कटान सिफारिस | ३०० |

| | | | |
|---|---|---|---|
| २६ | मिलापत्रदस्तुर | | ३०० |
| २७ | नावालकपरिचयपत्र सिफारिस | | ३०० |
| २८ | व्यक्तिगतघटना दर्ता ३५ दिनसम्म | निःशुल्क | |
| २९ | व्यक्तिगतघटना दर्ता ३५ दिन पछि | | ४०० |
| ३० | दलित,जनजाति,आदिवासी सिफारिस | | ३०० |
| ३१ | कर क्लियरसिफारिसः नेपाली | | ३०० |
| ३२ | पारिवारिकविवरण सिफारिस | | ३०० |
| ३३ | खानेपानीजडान सम्बन्धी सिफारिस | | ३०० |
| ३४ | **उद्योगदर्ताको लागि सिफारिस** | | |
| | क. साना | | ५०० |
| | ख. मझौला | | १००० |
| | ग. ठूला | | १५०० |
| ३५ | **निजीविद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | | |
| | क. वालविकास केन्द्र सञ्चालन अनुमति | | १००० |
| | ख. आधारभूतविद्यालय | | १२०० |
| | ग. मा.वि. | | १५०० |
| | घ. स्नातक/स्नातकोत्तर | | २००० |
| ३६ | **सामुदायिकविद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | | |
| | क. वालविकास केन्द्र सञ्चालन अनुमति | | ५०० |
| | ख. आधारभूतविद्यालय | | ७०० |
| | ग. मा.वि. | | १००० |
| | घ. स्नातक/स्नातकोत्तर | | १२०० |
| ३७ | अंग्रेजीभाषामा गरिने प्रति सिफारिस दस्तुर | | ५०० |
| ३८ | चारकिल्लाप्रमाणित | | ३०० |
| ३९ | ग्रामिणक्षेत्रमा घरबाटो सिफारिस | | ३०० |
| ४० | शहरीक्षेत्रमा घरबाटो सिफारिस | | ५०० |
| ४१ | संस्थादर्ता सिफारिस | | ५०० |
| ४२ | घर ढलानगर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस | | ३०० |

| | | |
|---|---|---|
| ४३ | माथिउल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | ३०० |
| ४४ | नक्शाप्रमाणित | १००० |
| ४५ | भवननिर्माण अनुमतिपत्रको प्रतिलिपी | ५०० |
| ४६ | व्यवसायदर्ता सिफारिस | ५०० |
| ४७ | मुचुल्काप्रमाणित | ३०० |
| ४८ | गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरूको परिचयपत्रसम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धीसिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईनेछ। | |